**खण्ड २०७५**

**संख्या २**

**गाउँ सभावाट पारित मिति २०७५/०३/२५**

# प्रसौनी गाउँपालिका केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५

प्रसौनी गाउँपालिका

**प्रसौनी गाउँपालिका**

**प्रसौनी, वारा**

**प्रसौनी गाउँपालिका**

## प्रसौनी, वारा

## प्रसौनी गाउँपालिका केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूचि ८ एकल अधिकार र अनुसूचि ९ सयूक्त अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको यस प्रसौनी गाउँपालिकाल अधिकारहरुको कार्यान्वयन मार्फत सुशासन र समृद्धि अभियानलाई अघि बढाउनुपर्ने र संघीय तथा प्रदेश कानूनले व्यवस्था गरेको अवस्थामा सोही बमोजिम हुने गरी प्रसौनी गाउँपालिकामा आवश्यक ऐन, कानून, नियमावली र कार्यविधिहरु तर्जुमा गर्न वाञ्छनिय भएकोले

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम प्रसौनी गाउँपालिकाको गाउँ सभाले प्रसौनी गाउँपालिकाको केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ पारित गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “प्रसौनी गाउँपालिका केही ऐन, कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित प्रसौनी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(१) “गाउँपालिका” भन्नाले प्रसौनी गाउँपालिका सम्झनुपर्छ ।

(२) “गाउँ सभा” भन्नाले प्रसौनी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(३) “कार्यपालिका” भन्नाले प्रसौनी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(४) “अध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(५) “उपाध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(६) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले प्रसौनी गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामगर्ने कर्मचारी प्रमुखलाई सम्झनु पर्छ । सो शब्दले कार्यपालिका तथा गाउँ सभा सदस्य सचिव समेतलाई जनाउँछ ।

(७) “वडा समिति” भन्नाले प्रसौनी गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

(८) “वडा अध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(९) “कार्यपालिका सदस्य” भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

प्रसौनी गाउँपालिका

(१०) “सदस्य” भन्नाले प्रसौनी गाउँपालिका गाउँ सभा सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(११) “कर्मचारी” भन्नाले प्रसौनी गाउँपालिकामा तोकिएको कामकालागि तलव सुविधा प्राप्त गर्ने गरी विभिन्न प्रकृति र तहमा नियुक्ति व्यक्तिलाई सम्झनु पर्छ ।

(१२) “कानून” भन्नाले संघीय संसद, प्रदेश संसद र प्रसौनी गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन कानून, र नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यसै ऐनले दिएको अधिकार प्रयोग गरी कार्यपालिकावाट अध्यादेशको रुपमा जारी गरेको ऐन कानून समेतलाई सम्झनुपर्छ ।

(१३) “अध्यादेश” भन्नाले प्रसौनी गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर गाउँ सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशको रुपमा जारी गरेको तथा गर्ने ऐन, कानूनलाई सम्झनुपर्छ ।

(१४) “नियम” भन्नाले गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ र गाउँ सभाले पारित गरेको ऐन तथा कार्यपालिकाले अध्यादेश जारी गरी वनेको ऐन समेतको अधिनमा रही कार्यपालिकावाट जारी भएको नियम, नियमावली, कार्यविधि दिग्दर्शन, निर्देशिका, आदेश आदिलाई सम्झनुपर्छ ।

(१५) “स्थानीय राजपत्र” भन्नाले गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न प्रसौनी गाउँपालिकाको गाउँ सभा र कार्यपालिकाबाट पारित गरी सारोकारवाला तथा गाउँपालिका वासीलाई जानकारी गराउन एवं लागु भएको घोषणा गर्न जारी गरेको प्रसौनी गाउँपालिकाको आधिकारीक स्थानीय राजपत्र (सुचना पत्र) लाई सम्झनुपर्छ ।

## परिच्छेद- २
## आवश्यक कानून तर्जुमा सम्वन्धी व्यवस्था

**(३) गाउँपालिकाले आवश्यक कानून तर्जुमा गर्न सक्नेः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्य संघीय तथा प्रदेश कानून बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले आवश्यक ऐन कानून पारित गर्नसक्नेछ ।

(२) उपदफा (१) वमोजिम पारित ऐन कानून गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

**(४) अध्यादेश वाट कानून बनाउन सक्नेः**

(१) नेपालको संविधानको अनुसूचि ८ र अनुसूचि ९ तथा संघीय, प्रदेश कानून एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन कानून आवश्यक परेको तर गाउँ सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशबाट ऐन जारी गर्नसक्नेछ ।

(२) उपदफा (१) वमोजिम जारी भएको ऐन स्थानीय राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

(३) उपदफा (१) वमोजिम जारी भएको अध्यादेश गाउँ सभा नहुञ्जेल वा छ महिनासम्म कायम रहनेछ ।

(४) अध्यादेश जारीवाट वनेको कानूनको निरन्तरताकालागी जारी भएको ६ महिना भित्र गाउँ सभाले पारित गर्नुपर्नेछ ।

(५) कार्यपालिकाले अध्यादेशबाट जारी गरेको ऐन जारि भएपछी हुने गाउँ सभाले पारित नगरेको अवस्थामा पारित नगरेको दिन वाट स्वतः बदर हुनेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएतापनि जारी भएको अध्यादेशबट वनेको ऐनबाट लागु भएका तथा कार्यान्वयन गरिएका काम कारवाही प्रचलित कानून अनुसार भएको मानिनेछ ।

**(५) नियम, निर्देशिका, कार्यविधि बनाउने सक्नेः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, एवं गाउँपालिकाको स्थानीय ऐनको अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्न गराउन कार्यपालिकाले आवश्यक नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन बनाई लागु गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउन संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै बनाउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम पारित नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

## परिच्छेद- ३
## विविध

**(६) बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपाालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।

**(७) खारेजी र बचाउः**

(१) यो ऐन प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म खारेज भएको मानिने छ ।

(२) यो ऐन लागु हुनुभन्दा अगावै प्रचलित कानून बमोजिम भएका काम कारवाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(३) संघीय तथा प्रदेश कानून वन्दा वनाउदा अन्यथा भएमा सोही अनुसार भएको मानिनेछ ।

(४) तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

प्रसौनी गाँउपालिका